आज मिति २०८२ साल जेठ २७ गते मंगलबारको दिन ३:०० बजे यस लमही नगरपालिकाका नगर प्रमुख श्री जोगराज चौधरी ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा लमही नगरपालिकाको नगर कार्यपालिका बैठक बसी देहायका निर्णयहरु गरियो।

उपस्थितीः

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जोगराज चौधरी | प्रमुख | |
| २ | श्री लक्ष्मी योगी | उप-प्रमुख | |
| ३ | श्री दामोदर पौडेल | वडा अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री सुवास न्यौपाने | वडा अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष, वडा नं. ५ | |
| ८ | श्री श्याम नारायण चौधरी | वडा अध्यक्ष, वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष, वडा नं. ७ | |
| १० | श्री उमेश कुमार खड्का | वडा अध्यक्ष, वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी | वडा अध्यक्ष, वडा नं. ९ | |
| १२ | श्री सुनिता कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री पार्वती विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | श्री देवा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री किरण चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रा चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री लाल बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री तुलसी वि.क | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रकाश देवकोटा | सचिव | |

## मिति २०८२।०२।२७ गते बसेको नगर कार्यपालिकाको १६० औ बैठकको निर्णयहरु

निर्णय नं. १ : विधेयक समितिबाट पेश भएको लमही नगरपालिकामा रहेको वरघर प्रथा व्यवस्थापन सम्बन्धी कार्यविधी, २०८२ स्वीकृत गर्ने।

निर्णय नं. २ : लमही नगरपालिकाको आगामी नगर सभाको तयारी सम्बन्धमा सबै विषयगत समितिहरुले आ-आफ्नो समिति अन्तगतका शाखा/उपशाखाहरुसंग नियमित बैठक बसी चालु आ.वको प्रगती समिक्षा गरी आगामी आ.वको बजेट, नीति तथा कार्यक्रमको तयार गर्ने ।

निर्णय नं. ३ : लमही नगरपालिकाको गत आ.व मा भुक्तानी दिन बाँकी रहेको योजना लमही अस्पतालको पर्खाल निर्माण आयोजना रकम भुक्तानी दिने।

निर्णय नं. ४ : लमही नगरपालिकाको लागि आवश्यक हलुका सवारी चालक पदमा लमही वडा नं ७ बस्ने सुनिल चौधरीलाई दैनिक ज्यालादारीमा कामकाज लगाउने।

निर्णय नं. ५ : लमही नगरपालिकाको सवारी बा २ झ ४२०१ नम्बरको कार मिति २०८२।०२।०९ गते राति करिव ११ बजे लमही - घोराही सडक खण्डको मुसोटमा भएको सवारी दुर्घनाटमा संलग्न उक्त सवारी साधनको सवारी चालक मधुसुदन के. सी र नगर प्रहरी मंगलसिंह भण्डारीलाई कार्यालयको स्वीकृत विना के-कस्को आदेशमा गाडी निकाएको हो ? सवारी दुर्घटना के कसरी भएको हो ? भनी स्पष्टिकरण सोधिएकोमा सवारी चालक मधुसुदन के.सीको स्पष्टिकरण पत्रमा उक्त गाडी पूर्व प्रमुख प्रशासकीय अधिकृत गेहेन्द्र वहादुर डाँगीले आफु चढेको गाडी विग्रेर वोलाएकोले उक्त गाडी लिएर गएको हो पुन उहाँको गाडी मर्मत भई चालु अवस्थामा रहदा रहदै पनि घरसम्म पूराउनु भनेकोले नारायाणीपुर भन्ने ठाउँ पराउनु लमही तर्फ फर्केर आउदा बाटो गाडी दुर्घटना हुन पुगेको भनी स्पष्टीकरण पेश गरेको र नगर प्रहरी मंगलसिंह भण्डारीले सवारी चालकले संगै जाउँ भन्दा आफु पनि स्वीकृत विना सवारी चालकसंगै गएको भनी स्पष्टीकरण पेश गरेको हुदाँ निजहरुले पेश गरेको स्पष्टिकरणमा सवारी साधन कार्यालयको स्वीकृती विना लगेर गएको र निजहरु संलग्न भई सार्वजनिक सम्पत्ति क्षती भएकोले उक्त घटनामा संलग्न कर्मचारीहरु सवारी चालक मधुसुदन के.सी.लाई ३ महिना र नगर प्रहरी मंगलसिंह भण्डारीलाई १ महिना निलम्वन गर्ने।

निर्णय नं. ६ : लमही अस्पताल संचालन तथा व्यवस्थापन समितिको मिति २०८२।०१।११ गतेको बैठकको निर्णय नं ३ बमोजिम लमही अस्पतालमा कार्यरत मेडिकल अधिकृत आठौं तहका कर्मचारीलाई बैशाख महिना देखि लागु हुने गरी सेवा सुविधा थप गर्ने भनी गरिएको निर्णय अनुमोदन गर्ने। साथै श्रोतको सुनिश्चितता गरी दोहोरो नपर्ने गरी सुविधा उपलब्ध गराउने।

मिति २०८२।०२।२७ गते बसेको नगर कार्यपालिकाको १६० औ बैठकको निर्णयहरु

CamScanner

निर्णय नं. ७ : लमही नगरपालिका नगर शिक्षा समितिको मिति २०८२।०२।२६ गतेको बैठकको निर्णय अनुमोदन गर्ने।

निर्णय नं. ८ : लमही नगरपालिका वडा २ स्थित हरित क्रान्ती कृषि सहकारी संस्था लि लमही- २, दाङको सिफारिस बमोजिम नेदरलैण्डको Schoonderwolf Foundation को अनुदान सहयोग तथा हरितक्रान्ति कृषि सहकारी संस्था लिको सहकार्यमा बीउ भण्डारण गृह निर्माण तथा आवश्यक उपकरण खरिद गर्न Harit Kranti Seed Storage Construction Project गरी चौमासिक प्रगति यस कार्यालयमा पेश गर्ने गरी सञ्चालन गर्न सहमति प्रदान गर्ने।

निर्णय नं. ९ : लमही नगरपालिकाको बिभिन्न टोलवस्ती बर्षायम सडकहरुमा आमनागरिकहरुको आवगमनलाई सहजता ल्याउने आवश्यक पर्ने नदिजन्य पदार्थ आई ई ई स्वीकृत भएका तर ठेक्का नलागेका रासि नदिका बिभिन्न घाटहरुबाट नदिजन्य पदार्थ उत्खनन गरी डम्पिङ्ग गर्ने अनुमती माग गरी जिल्ला विपद् व्यवस्थापन समितिमा लेखी पठाउने ।

निर्णय नं. १० : गोरक्ष-पात्रदेवाता-सिद्धरत्ननाथ मठ गोरक्ष-पात्रदेवता श्रीसिद्धरत्ननाथ देवीपाटन महायात्रा व्यवस्थानपन तथा सञ्चालन समितिलाई देवीपाट महायात्रा व्यवस्थापन तथा सञ्चालन प्रयोजनार्थ रु ३०,०००।- (अक्षरुपी तीस हजार) आर्थिक सहयोग गर्ने गर्ने।

नगर प्रमुख

मिति २०८२।०२।२७ गते बसेको नगर कार्यपालिकाको १६० औ बैठकको निर्णयहरु

CamScanner

आज मिति २०८१ साल असार ९ गते सोमबारको दिन विहान ९ : ०० बजे यस लमही नगरपालिकाका नगर प्रमुख श्री जोगराज चौधरी ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा लमही नगरपालिकाको नगर कार्यपालिका बैठक बसी देहायका निर्णयहरु गरियो।

उपस्थिती:

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जोगराज चौधरी | प्रमुख | |
| २ | श्री लक्ष्मी योगी | उप-प्रमुख | |
| ३ | श्री दामोदर पौडेल | वडा अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री सुवास न्यौपाने | वडा अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष, वडा नं. ५ | |
| ८ | श्री श्याम नारायण चौधरी | वडा अध्यक्ष, वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष, वडा नं. ७ | |
| १० | श्री उमेश कुमार खड्का | वडा अध्यक्ष, वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी | वडा अध्यक्ष, वडा नं. ९ | |
| १२ | श्री सुनिता कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री पार्वती विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | श्री देवा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री किरण चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रा चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री लाल बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री तुलसी वि.क | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रकाश देवकोटा | सचिव | |

CamScanner

मिति २०८२/०३/०९ गतेको कार्यपालिकाको बैठकको निर्णयहरु:

निर्णय नं. १ : यस लमही नगरपालिकाको आ.ब २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी नगर सभामा पेश गर्ने।

निर्णय नं. २ : लमही नगरपालिका राजश्व परामर्श समितिबाट सिफारिस भई आएको लमही नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ को आर्थिक ऐन, २०८२ स्वीकृत गरी नगर सभा समक्ष पेश गर्ने।

निर्णय नं. ३ : लमही नगरपालिकाको आगामी आ.व २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रम (विनियोजन विधेयक २०८२) स्वीकृत गरी नगर सभा समक्ष पेश गर्ने।

निर्णय नं. ४ : यस नगरपालिकाको मध्यमकालिन खर्च संरचना आ.ब २०८२/८३ - २०८५/८६ स्वीकृत अनुमोदनको लागि नगर सभा समक्ष पेश गर्ने।

निर्णय नं ५ : लमही नगरपालिका न्यायिक समितिको वार्षिक प्रतिवेदन स्वीकृत गरी अनुमोदनको लागि नगर सभा समक्ष पेश गर्ने।

निर्णय नं ६ : लमही नगरपालिका महिला स्वास्थ्य स्वयम् सेविकाहरु रिखा कुमारी पौडेल, सुरजदेवी घर्ती, सिता मजगैया र गौरी के.सी गरी ४ जनाको गत आर्थिक वर्ष २०८०।८१ को वार्षिक बजेटबाट निजहरुलाई सम्मानजनक विदाई बापतको रकम भुक्तानी दिन अपुग भएकोले चालु आर्थिक बर्षको विनियोजन बजेटबाट निजहरुलाई उक्त रकम भुक्तानी दिने।

निर्णय नं ७ : महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको खाजा तथा सञ्चार खर्च व्यवस्थापन कार्यविधि, २०८१ को प्रथम संशोधन स्वीकृत गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

आज मिति २०८२ साल असार ३२ गते  बुधबारको बिहान ९ बजे यस लमही नगरपालिकाका नगर प्रमुख श्री जोगराज चौधरी ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा लमही  नगरपालिकाको नगर कार्यपालिका बैठक बसी देहायका निर्णयहरु गरियो।

उपस्थितीः

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जोगराज चौधरी | प्रमुख | |
| २ | श्री लक्ष्मी योगी | उप-प्रमुख | |
| ३ | श्री दामोदर पौडेल | वडा अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री सुवास न्यौपाने | वडा अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष, वडा नं. ५ | |
| ८ | श्री श्याम नारायण चौधरी | वडा अध्यक्ष, वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष, वडा नं. ७ | |
| १० | श्री उमेश कुमार खड्का | वडा अध्यक्ष, वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी | वडा अध्यक्ष, वडा नं. ९ | |
| १२ | श्री सुनिता कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री पार्वती विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | श्री देवा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री किरण चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रा चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री लाल बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री तुलसी वि.क | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रकाश देवकोटा | प्रमुख प्रशासकीय अधिकृत | |

## मिति २०८२/०३/३२ गतेको कार्यपालिकाको बैठकको निर्णयहरु:

**निर्णय नं. १ :** विपक्षी लमही नगर कार्यपालिकाको कार्यालय, लमही, दाङ समेत भएको परमादेश मुद्दामा (मुद्दा नं. ०८१-WO-१५२५) सम्मानित श्री सर्वोच्च अदालत काठ्माडौंबाट जारी भएको १५ दिने म्याद मिति २०८२।०३।३१ गते तामेल भई पाएको र विपक्षी मन्त्रीपरिषद्को कार्यालय सिंहदरवार समेत भएको निषेधाज्ञा मुद्दा( रिट नं. ०८१-WO-१५२५) सम्मानित अदालतबाट जारी भएको १५ दिने म्याद मिति २०८२।०३।३१ गते तामेल भई पाएको मुद्दामा लमही नगरपालिकाका नगर प्रमुख श्री जोगराज चौधरी, लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय, ५ नं वडा कार्यालयका वडा अध्यक्ष श्री ओम प्रसाद सुवेदी र लमही नगरपालिका ५ नं कार्यालय, लमही, दाङको तर्फबाट सम्मानित श्री सर्वोच्च अदालत काठ्माडौंमा उपस्थित भई लिखित जवाफ प्रस्तुत गर्न, मुद्दाको वारिस तोक्न, तारेखमा अदालतमा उपस्थित हुन कानुन व्यवसायी नियुक्ति गर्न र मुद्दा पुर्पक्ष समेतको लागि यस लमही नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लमही दाङमा कार्यरत स.ले.पा श्री हरिराम रावतलाई प्रतिनिधि नियुक्ती गरी पठाउने।

**निर्णय नं. २ :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ (४) र घ (६), तथा दफा ६१ ले दिएको अधिकार प्रयोग गरी लमही नगरपालिका, नगर कार्यपालिकाको कार्यालय लमही दाङले मिति २०८२/०३/१० गतेको १७ औं नगरसभा बाट पारित आर्थिक ऐन, २०८२ मा भएको दररेटमा तपशिलमा उल्लेखित आय शिर्षकहरूमा न्युनतम ठेक्का अंक नघटने गरी आ.व.२०८२/०८३ को लागि तपशिलका आय ठेक्का वोलपत्र/सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित गर्न स्वीकृत गर्ने ।

तपशिल

| सि.न. | विषय शिर्षक | कार्यालयको न्युनतम अंक रू. |
|---|---|---|
| आय ठेक्का नं. ०१ २०८२/०८३ | (जडिवुटी, कवाडी माल, जिवीत जीवजन्तु) दोपाया वा चौपाय (निकासी कर रमृत जीवजन्तु बाट उत्सर्जित वस्तुको पुनःउपयोग वा नगर निकासी गरी व्यावसायिक उपयोग गरे वापत जडिवुटी, कवाडी तथा जीवजन्तु कर | २०,००,०००/- (वीस लाख रुपैया मात्र) (मु. अ. कर वाहेक) |
| आय ठेक्का नं.०२ २०८२/०८३ | ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी आदि प्राकृतिक वस्तुको विक्री तथा निकासी शुल्क, दस्तुर संकलन | ७०,००,०००/-(सत्तरी लाख रुपैया मात्र) (मु. अ. कर वाहेक) |
| आय ठेक्का नं.०३ ०८२/०८३ | विज्ञापन कर | ७,००,०००/-(सात लाख मात्र) (मु. अ. कर वाहेक) |
| आय ठेक्का नं ०४- ०८२/०८३ | डम्पिङ्ग साईटबाट कवाडीजन्य मालसामान संकलन गरी बिक्रि गर्ने प्रयोजनका लागि | १,६२,०१२/- (एक लाख वैसट्ठी हजार बाह मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

आज मिति २०८२ साल साउन ०८ गते बिहिबारको बिहान ९ बजे यस लमही नगरपालिकाका नगर प्रमुख श्री जोगराज चौधरी ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा लमही नगरपालिकाको नगर कार्यपालिका बैठक बसी देहायका निर्णयहरु गरियो।

उपस्थिती:

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जोगराज चौधरी | प्रमुख | |
| २ | श्री लक्ष्मी योगी | उप-प्रमुख | |
| ३ | श्री दामोदर पौडेल | वडा अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री सुवास न्यौपाने | वडा अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष, वडा नं. ५ | |
| ८ | श्री श्याम नारायण चौधरी | वडा अध्यक्ष, वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष, वडा नं. ७ | |
| १० | श्री उमेश कुमार खड्का | वडा अध्यक्ष, वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी | वडा अध्यक्ष, वडा नं. ९ | |
| १२ | श्री सुनिता कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री पार्वती विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | श्री देवा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री किरण चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रा चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री लाल बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री तुलसी वि.क | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रकाश देवकोटा | प्रमुख प्रशासकीय अधिकृत | |

मिति २०८२/०४/०८ गतेको कार्यपालिकाको बैठकको निर्णयहरु:

निर्णय नं. १ : नगर विकास कोष, नयाँ बानेश्वर, काठ्माण्डौं र लमही खानेपानी तथा उपभोक्ता संस्था बिच हुने ऋण सम्झौतामा लमही नगरपालिकाको तर्फबाट कार्यपालिका सदस्य श्री चन्द्रा चौधरीलाई धनजमानी बस्ने गरी अख्तियारी दिई प्रतिनिधी तोकी पठाउने।

CamScanner